बनगाड कुपिण्डे नगरपालिका नगरकार्यपालिकाको १३ औं बैठक मितिः २०८०।०१।०३

छलफलका प्रस्तावहरु

१.योजना कार्यान्वयन सम्वन्धमा ।

२.शिक्षा समिती पुर्णता दिने सम्वन्धमा ।

३.अनुगमन समिती सम्बन्धमा ।

४.ढुंगा गिट्टी बालुवा सम्वन्धमा ।

५.नगरस्तरिय खेलकुद प्रतियोगिता सम्वन्धमा ।

६.सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि २०८० सम्वन्धमा ।

७.मेलमिलामकर्ता व्यवस्थापन कार्यविधि २०८० सम्वन्धमा ।

८.खानेपानि उपभोक्ता तथा सरसफाई समितिको विधान २०८० सम्वन्धमा ।

९.सल्लिबजार लिफ्ट खानेपानि आयोजना सम्वन्धमा ।

१०.सार्बजनिक सुनुवाइ सम्वन्धमा ।

११.बजारक्षेत्र ब्यवस्थापन सम्वन्धमा ।

१२.स्वास्थ्य सेवामा करारमा कर्मचारी भर्ना लिने सम्वन्धमा ।

१३.नगर प्रहरी करार भर्ना लिने सम्वन्धमा ।

१४.आर्थिक सहायता सम्वन्धमा ।

१५.विविध सम्वन्धमा ।

निर्णयहरु :

निर्णय नं. १.

यस नगरपालिकाबाट आ.व. २०७९।८० मा बिनियाजन भएका योजना तथा कार्यक्रहरु अधिकांश सम्झौता भइ सकेको अवस्था छ र EBA कार्यक्रम अन्तर्गतका योजनाहरु सम्झौताको क्रममा रहेका छन उक्त सम्झौता कार्यलाई यथाशिघ्र गरिसक्ने , वडा तथा पालिका स्तरका ५० प्रतिशत योजनाहरुको २०८० को बैशाख मशान्त भित्र कार्यसम्पन्न गरि भुक्तानिको लागि पालिकामा पेस गरी सक्नुपर्ने साथै प्रधानमन्त्री रोजगारको र EBA कार्यक्रम बाहेक अन्य सबै योजनाहरुको जेष्ठ मशान्त सम्म कार्य सम्पन्न गरि भुक्तानिको लागि पेश गरिसक्नुपर्ने निर्णय सर्बसम्मतले पारित गरियो ।

जगत बहादुर वर्ती

निर्णय नं. २.
यस नगरिपालिकाको नगर शिक्षा समितिलाई यथाशिघ्र पुर्णतादिने निर्णय गरीयो ।

निर्णय नं. ३
यस नगरपालिकाको बिकास निर्माणहरुको अनुगमन , सुपरिवेक्षण तथा प्रतिवेदन पेस गर्नको लागि तपसिल अनुसारको अनुगमन समिति गठन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

क) नगर उपप्रमुख श्री पुरुषोतम आचार्य संयोजक
ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य
ग)नगरप्रमुखले तोकेका विर बहादुर बस्याल र नम्रता कामी २ जाना कार्यपालिका सदस्यहरु सदस्य
घ)योजना शाखा प्रमुख सदस्य सचिव

निर्णय नं. ४
यस नगरपालिका भित्रका खोला नालाहरुमा रहेको ढुंगा गिट्टी बालुवा उत्खनन तथा विक्री वितरणको लागी पटक पटक वोलपत्र आह्वान गर्दा पनी वोलपत्रमा कसैले पनि भाग नलिदा , नगदि रसिद प्रक्रीयाबाट निकासी अनुमति दिनलाई पायक पर्ने वडाहरुमा वडा नं. ४, ५, ८ बाट र बाँकी स्थानमा पालिका कार्यलयबाट नै रसिद व्यवस्थापन गर्ने र चोरी निकासी न्युनिकरणको लागि सबै पक्ष सक्रिय हुने निर्णय सर्बसम्मतले पारित गरियो ।

निर्णय नं. ५ .
यस नगरपालिकाको आ.व. २०७९।८० को नगरपालिका स्तरिय खेलकुद प्रतियोगिता सम्भव भए सम्म मिति २०८०। बैशाख २१,२२ र २३ गते सञ्चालन गर्ने उक्त प्रतियोगितामा सबै वडाहरुले खेलाडीहरु सहभागी गराउने साथै खेललाई व्यवस्थित गर्न तपसिल अनुसारका एक आयोजक समिती गठन गर्ने निर्णय सर्बसम्मतले पारित गरियो ।

तपसिल
क)सामाजिक विकास समिति संयोजक जिवनसिं ठकुरी संयोजक
ख) वडा नं. १ का अध्यक्ष थुम बहादुर वि.सि. सदस्य
ग) शिक्षा शाखा प्रमुख चक्र बहादुर रावत सदस्य
घ) कार्यपालिका सदस्य बिर ब. बस्याल सदस्य
ङ) सहायक पाँचौ भुपाल खड्का सदस्य
च) जिन्सी शाखा प्रमुख घनश्याम वि.सी . सदस्य
छ) प्रा.स. शिक्षा, ध्रुवा थापा सदस्य सचिव

जगत बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६
वनगाड कुपिण्डे नगरपालिकाको सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि २०८० सर्वसम्मतले पारित गरियो ।

निर्णय न ं७.
वनगाड कुपिण्डे नगरपालिकाको मेलमिलामकर्ता व्यवस्थापन कार्यविधि २०८० सर्वसम्मतले पारित गरियो ।

निर्णय नं ८.
वनगाड कुपिण्डे नगरपालिकाका खानेपानि उपभोक्ता तथा सरसफाई समितिको विधान २०८० सर्वसम्मतले पारित गरियो ।

निर्णय नं. ९
जिल्ला खानेपानि डिभिजन कार्यालयबाट कार्यान्वयन हुनगइरहेको सल्लिबजार लिफ्ट खानेपानि आयोजनाको पाइपलाइन विछ्याउने कार्यमा उत्पन्न बिवाद सामाधानको लागि सम्बद्ध निकायसंग समन्वय गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

निर्णय नं. १०
यस नगरपालिका कार्यालय र अन्तर्गतका वडाहरु सबैले आ.व. २०७९।८० को दोस्रो चौमाषिक सम्म आफ्नो कार्यालयमा भएका गतिबिधिहरुको सार्बजनिक सुनुवाई यथासिघ्र सञ्चालन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

निर्णय नं. ११
यस नगरपालिकाको बजारक्षेत्र मुख्यगरी सल्लिबजारमा अस्तव्यस्त रुपमा जथाभावि सवारी साधन तथा अन्य व्यक्तीगत सामाग्री राख्ने कार्य बन्द गर्ने गराउने साथै बजार क्षेत्रको पार्किङ क्षेत्रलाई व्यवस्थित गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

निर्णय नं. १२
यस नगरपालिका भित्रका स्वास्थ्य सँस्थाहरुमा दरबन्दी अनुसार रिक्त पदहरुमा आवश्यक्ता अनुसार करार सेवामा कर्मचारी भर्नालिने निर्णय सर्वसम्मतले पारित गरियो ।

जगत बहादुर घर्ती

निर्णय नं. १३

यस नगरपालिकामा आवश्यक नगर प्रहरीको करार सेवामा भर्नाको लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १४

जिल्ला खेलकुद विकास समितिले प्रदेश स्तरमा हुने प्रतियोगितामा जिल्लाबाट खेलाडी सहभागी बनाउनलाई आवश्यक आर्थिक सहयोग माग गरेकोले हाल रु ६०००० (साठी हजार ) रुपैंया विविध शिर्षक बाट जिल्ला खेलकुद विकास समितिको नाममा भुक्तानी दिने निर्णय सर्बसम्मतले पारित गरियो ।

निर्णय नं. १५

आजको कार्यपालिका वैठकले सम्पुर्ण प्रस्तावहरुमाथि ब्यापक छलफल गर्दै सर्वसम्मतरुपमा निर्णयहरु पारित गरीयो साथै कार्यान्वयनको लागि सबै आ. आफ्नो तहबाट लाग्ने समेत निर्णय गरियो ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत